# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, फागुन १४ गते, २०८२ साल (संख्या ६६

## भाग ३

## नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

## संवत् २०८२ सालको आदेश (नेराप) नम्बर ३

## राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्याङ्क सङ्कलन गर्ने आदेश, २०८२

नेपालभर आर्थिक क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठान, व्यापार-व्यवसाय र उद्योगबाट गुणस्तरीय तथ्याङ्क सङ्कलनको लागि व्यवसायी, उद्योगी लगायत आम सर्वसाधारणबाट प्राप्त गर्नु पर्ने विवरण सहितको

प्रश्नावली, सङ्कलन विधि र प्रक्रियाका बारेमा सूचित गराउन वाञ्छनीय भएकोले,

तथ्याङ्क ऐन, २०७९ को दफा ५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो आदेशको नाम "राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्याङ्क सङ्कलन गर्ने आदेश, २०८२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "कार्यालय" भन्नाले तथ्याङ्क ऐन, २०७९ को दफा २३ बमोजिमको कार्यालय सम्झनु पर्छ।

(ख) "प्रतिष्ठान/व्यवसाय" भन्नाले कानूनी आधारमा एउटै स्वामित्व वा नियन्त्रणमा कुनै निश्चित स्थानमा रही एउटै वा मुख्य रूपले कुनै एउटा आर्थिक क्रियाकलाप गर्ने वा आर्थिक क्रियाकलापमा संलग्न एउटा आर्थिक एकाइ सम्झनु पर्छ।

(ग) "प्रमुख तथ्याङ्क अधिकारी" भन्नाले तथ्याङ्क ऐन, २०७९ को दफा २५ बमोजिमको प्रमुख तथ्याङ्क अधिकारी सम्झनु पर्छ।



ग विभाग मुद्रण

(घ) "राष्ट्रिय आर्थिक गणना" भन्नाले नेपालको भौगोलिक सिमानाभित्र रहेका आर्थिक क्रियाकलापमा संलग्न हुने प्रतिष्ठान तथा व्यवसायहरूको आर्थिक विवरण सम्बन्धी विवरणको तथ्याङ्क सङ्कलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले सङ्कलन भएको तथ्याङ्क प्रशोधन, प्रकाशन तथा वितरणको समग्र प्रक्रियालाई समेत जनाउँछ ।

**३. <u>तथ्याङ्क सङ्कलन क्षेत्र</u>** : (१) राष्ट्रिय आर्थिक गणना २०८२ मा राष्ट्रियस्तरको औद्योगिक वर्गीकरण अनुसार देहाय बमोजिमका क्षेत्रका तथ्याङ्क सङ्कलन गरिनेछ :-

(क) कृषि, वन तथा माछापालन (दर्ता भएका मात्र) सम्बन्धी क्रियाकलाप,

(ख) खानी तथा उत्खनन् सम्बन्धी क्रियाकलाप,

(ग) औद्योगिक उत्पादन सम्बन्धी क्रियाकलाप,

(घ) विद्युत, ग्याँस, बाफ तथा वातानुकूलित सेवा सम्बन्धी क्रियाकलाप,

(ङ) पानीको आपूर्ति, ढल निकास, फोहर व्यवस्थापन र उपचारात्मक क्रियाकलाप,

(च) निर्माण सम्बन्धी क्रियाकलाप,

(छ) थोक तथा खुद्रा व्यापार, मोटर तथा मोटरसाइकलको मर्मत सम्भार सम्बन्धी क्रियाकलाप,

(ज) यातायात तथा भण्डारण सम्बन्धी क्रियाकलाप,

(झ) आवास तथा भोजन सेवासम्बन्धी क्रियाकलाप,

(ञ) सूचना तथा सञ्चार सम्बन्धी क्रियाकलाप,

(ट) वित्तीय तथा बीमासम्बन्धी क्रियाकलाप,

(ठ) घरजग्गा कारोबारका व्यावसायिक क्रियाकलाप,

(ड) पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप,

(ढ) प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप,

(ण) शिक्षा सम्बन्धी क्रियाकलाप,

(त) मानव स्वास्थ्य तथा सामाजिक कार्य सम्बन्धी क्रियाकलाप,

(थ) कला, मनोरञ्जन तथा मनोविनोद सम्बन्धी क्रियाकलाप,

(द) अन्य सेवा प्रदान गर्ने सम्बन्धी क्रियाकलाप।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता नगरी सञ्चालनमा रहेका कृषि, वन तथा माछापालन क्षेत्रका क्रियाकलाप, सार्वजनिक प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा सम्बन्धी क्रियाकलाप, रोजगारदाताका रूपमा घरपरिवारका घरायसी क्रियाकलाप, आफ्नो प्रयोगका लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवा उत्पादन गर्ने

क्रियाकलाप र बाह्य सङ्घ संस्था तथा त्यसका अङ्गहरूका क्रियाकलापहरू यस गणनामा समावेश गरिने छैन।

४. **तथ्याङ्क सङ्कलनको उद्देश्य र विषय** : (१) तथ्याङ्क सङ्कलनको मुख्य उद्देश्य आर्थिक क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन तथा वितरण गर्नु रहेको छ र तथ्याङ्क सङ्कलनका अन्य उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) प्रतिष्ठानहरुको विद्यमान सङ्ख्या, अर्थतन्त्रका क्षेत्रगत संरचना, आकार र वितरण सम्बन्धी विवरण उपलब्ध गराउने,

(ख) नियमित रूपमा गरिने राष्ट्रिय लेखाका अनुमानहरुको सुदृढीकरण गर्ने,

(ग) सङ्घ, प्रदेश र स्थानीय तहमा नीति निर्माण तथा योजना तर्जुमा गर्न आवश्यक पर्ने आधारभूत आर्थिक तथ्याङ्क उत्पादन गर्ने।

(२) उपदफा (१) बमोजिमका उद्देश्य प्राप्त गर्न प्रतिष्ठान/व्यवसायको प्रकार, स्वामित्व, कानूनी हैसियत, दर्ता अवस्था, सञ्चालन, उत्पादन र सेवाको विवरण, वार्षिक कारोबार, लागत, खर्च, रोजगारी र जनशक्ति, पुँजी लगानी, ऋणको पहुँच लगायतका विषयहरु समेटिएका छन् ।

५. **तथ्याङ्क सङ्कलन गरिने भौगोलिक क्षेत्र तथा प्रशासनिक क्षेत्र** : तथ्याङ्क सङ्कलन गरिने भौगोलिक क्षेत्र तथा प्रशासनिक क्षेत्र नेपालभरका सबै प्रदेश, जिल्ला र स्थानीय तह हुनेछन्।

६. **तथ्याङ्क सङ्कलनको विधि र प्रक्रिया** : (१) कार्यालयले तथ्याङ्क सङ्कलनमा लिखित प्रश्नावली तथा आंशिक रूपमा विद्युतीय आर्थिक गणना (इ-सेन्सस्) वा दुवै माध्यम प्रयोग गर्न सक्नेछ।

(२) अनुसूची बमोजिमको मुख्य प्रश्नावली फारामको प्रयोग गरी प्रत्येक प्रतिष्ठान/व्यवसायबाट प्रत्यक्ष अन्तर्वार्ता विधिद्वारा तथ्याङ्क सङ्कलन गरिनेछ।

(३) उपदफा (१) बमोजिम इ-सेन्सस् गर्दा उद्यमीको सहमतिमा दोहोरो नहुने गरी विवरण सङ्कलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) कार्यालयले सबै स्थानीय तहको सीमा र स्थान पहिचान हुने गरी भौगोलिक सूचना तथ्याङ्क सङ्कलन र नक्साङ्कन कार्य गरी गणनाक्षेत्र नक्सा तयार गर्नेछ।

७. **सूचनादाताको विवरण** : प्रतिष्ठान तथा व्यवसाय सञ्चालन गर्ने व्यवसाय धनी, लगानीकर्ता, व्यवस्थापक, लेखा राख्ने कर्मचारी वा व्यवसायको जानकारी राख्ने व्यक्ति मुख्य सूचनादाता हुनेछन्।

८. **तथ्याङ्क सङ्कलन गरिने समयावधि** : राष्ट्रिय आर्थिक गणना २०८२ को तथ्याङ्क सङ्कलन गरिने समयावधि संवत् २०८३ साल बैशाख २ गतेदेखि संवत् २०८३ साल असार ७ गतेसम्म हुनेछ।

९. **सन्दर्भ अवधि (रिफरेन्स पिरियड)** : आर्थिक कारोबार सञ्चालन गर्ने प्रतिष्ठान/व्यवसायको आर्थिक विवरणका लागि सन्दर्भ वर्ष आ.व. २०८१/८२ (संवत् २०८१ साल साउन १ गतेदेखि २०८२ साल असार मसान्तसम्म) र रोजगारी/कामदारको विवरणको लागि सन्दर्भ दिन संवत् २०८२ साल चैत १ गतेलाई तोकिएको छ।

तर संवत् २०८२ साल असार मसान्त पछि सञ्चालन भएका प्रतिष्ठान/व्यवसायको हकमा सञ्चालनको दिन देखि गणनाको दिनसम्मको अवधिलाई सन्दर्भ अवधि मानेर विवरण सङ्कलन गरिनेछ।

**१०. <u>सङ्कलन हुने सूचनाको प्रकृति</u>** : (१) उत्तरदाताले गणनामा प्रयोग भएको प्रश्नावली बमोजिम सम्बन्धित प्रतिष्ठान व्यवसायको वार्षिक कारोबार र अन्य विवरण उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आर्थिक विवरण वार्षिक लेखापरीक्षण प्रतिवेदन वा दैनिक, मासिक वा वार्षिक रेकर्डका आधारमा उपलब्ध गराउनु पर्नेछ।

**११. <u>सूचनादाताबाट सूचना सङ्कलन गर्ने भाषा</u>** : (१) सूचनादाताबाट सूचना सङ्कलन गर्ने मुख्य भाषा नेपाली हुनेछ।

(२) उपदफा (१) बमोजिम सूचना सङ्कलन गर्दा गणक तथा सुपरिवेक्षकले स्थानीय भाषाको समेत सहायता लिई सोको आधारमा गणना पुस्तिकामा दिएको निर्देशन बमोजिम विवरण सङ्कलन गर्नु पर्नेछ।

**१२. <u>सूचनादाताको दायित्व</u>** : तथ्याङ्क ऐन, २०७९ को दफा ५ र तथ्याङ्क नियमावली, २०८० को नियम १४ अनुसार तथ्याङ्क सङ्कलन गर्ने प्रयोजनका लागि कार्यालयले निर्धारिण गरेको समय सीमाभित्र सही, पूर्ण र अद्यावधिक विवरण उपलब्ध गराउनु सम्बन्धित व्यक्ति, निकाय वा संस्थाको कर्तव्य र दायित्व हुनेछ।

**१३. <u>सोधिने प्रश्नावलीको विवरण</u>** : राष्ट्रिय आर्थिक गणना, २०८२ मा प्रयोग गरिने मुख्य प्रश्नावलीको विवरण अनुसूचीमा उल्लेख भए अनुसार हुनेछ।

**१४. <u>गोपनीयता</u> :** तथ्याङ्क ऐन, २०७९ को दफा १० अनुसार कुनै पनि प्रतिष्ठान/व्यवसायको व्यक्तिगत विवरणको गोपनीयतालाई कायम गरी सङ्कलित विवरण तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिनेछ।

**१५. <u>बाधा अड्काउ फुकाउने र अनुसूचीमा हेरफेर गर्ने अधिकार</u> :** यस आदेशमा लेखिएको कुनै व्यवस्था कार्यान्वियन गर्न बाधा अड्चन परेमा त्यस्तो बाधा अड्चन फुकाउने र अनुसूचीमा हेरफेर गर्ने अधिकार कार्यालयलाई हुनेछ।

मुद्रण विभाग,

अनुसूची

(दफा ६ र १३ सँग सम्बन्धित)

**मुख्य प्रश्नावली फाराम**

१. प्रतिष्ठान/व्यवसाय रहेको भौगोलिक क्षेत्र तथा सम्पर्क विवरणः प्रदेश, जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नम्बर, गाउँबस्ती/टोलको नाम, गणनाक्षेत्र नम्बर, गणना उपक्षेत्र नम्बर, मार्ग/गल्ली/सडक/क्षेत्र, प्रतिष्ठान/व्यवसाय रहेको घर नम्बर, व्यावसायिक भवन/कम्प्लेक्स/मलको नाम, प्रतिष्ठान/ व्यवसाय रहेको फ्ल्याट/तला नम्बर, पसल/कोठा नम्बर, फोन नम्बर, इमेल, वेबसाइट, प्लस कोड।

२. प्रतिष्ठान/व्यवसायको विवरण :

(क) प्रतिष्ठान/व्यवसायको नाम नेपाली र अङ्ग्रेजीमा :

(ख) प्रतिष्ठान/व्यवसायको प्रमुख आर्थिक क्रियाकलाप (पूर्ण विवरण र एन.एस.आई.सी. कोड) :

३. दर्ता तथा वैधानिक स्थितिसम्बन्धी विवरण :

(क) प्रतिष्ठान/व्यवसाय कुनै सरकारी निकायमा दर्ता भए नभएको :

(ख) प्रतिष्ठान/व्यवसाय दर्ता भएको सरकारी निकाय :

(ग) प्रतिष्ठान/व्यवसाय सरकारी निकाय वा कार्यालयमा दर्ता भएको मिति :

(घ) प्रतिष्ठान/व्यवसायको स्थायी लेखा नम्बर :

(ङ) प्रतिष्ठान/व्यवसाय सञ्चालन मिति :

(च) प्रतिष्ठान/व्यवसायको वैधानिक स्थितिः

(छ) प्रतिष्ठान/व्यवसायमा हाल जम्मा संस्थापक लगानीकर्ताको सङ्ख्या :

(ज) प्रतिष्ठान/व्यवसाय बहुराष्ट्रिय कम्पनी हो वा होइन :

४. प्रतिष्ठान/व्यवसाय धनी र व्यवस्थापकको विवरण :

(क) प्रतिष्ठान/व्यवसाय धनीको लिङ्ग, उमेर र शैक्षिक योग्यता :

(ख) व्यवस्थापकको लिङ्ग, उमेर र शैक्षिक योग्यता :

५. प्रतिष्ठान/व्यवसायको संस्थागत क्षेत्र :

(क) प्रतिष्ठान/व्यवसायको संस्थागत क्षेत्र :

६. **प्र**तिष्ठान/व्यवसायको साङ्गठनिक अवस्था :

(क) प्रतिष्ठान/व्यवसायको साङ्गठनिक अवस्था :

(ख) मुख्य कार्यालयको नाम र ठेगाना :

७. मुख्य कार्यालय :

(क) मुख्य कार्यालय अन्तर्गत रहेका शाखा तथा उपशाखा कार्यालयहरुको जम्मा सङ्ख्या :

(ख) मुख्य कार्यालय, शाखा र उपशाखा कार्यालयहरूमा संलग्न नियमित कर्मचारी तथा कामदारको जम्मा सङ्ख्या :

**८.** सन्दर्भ दिनमा यस प्रतिष्ठान/व्यवसायमा संलग्न व्यक्तिहरूको विवरण :

(क) संलग्न बेतलबी व्यक्ति :

(ख) कार्यरत तलबी कर्मचारी तथा कामदार :

(ग) ज्यालादारी तथा संस्थागत करार :

९. प्रतिष्ठान/व्यवसाय सञ्चालन विवरण :

(क) प्रतिष्ठान/व्यवसाय मौसमी (सिजनल) हो होइन :

(ख) सन्दर्भ वर्षमा प्रतिष्ठान/व्यवसाय सञ्चालन भएको महिना :

(ग) सन्दर्भ वर्षमा प्रतिष्ठान/व्यवसाय सञ्चालन भएको दिन :

(घ) प्रतिष्ठान/व्यवसाय दैनिक औषत सञ्चालन भएको समय (घण्टा) :

१०. प्रतिष्ठान/व्यवसाय सञ्चालन भएको मुख्य भवन र जमिनको स्वामित्व :

(क) भवनको स्वामित्व :

(ख) जमिन (भवनले ओगटेको बाहेक) को स्वामित्व :

(ग) व्यवसायी बसोबास गर्ने र प्रतिष्ठान व्यवसाय सञ्चालन गर्ने घर/भवन एउटै हो होइन :

(घ) प्रतिष्ठान/व्यवसाय सञ्चालन भएको मुख्य भवन वा स्थलको प्रकार :

(ङ) प्रतिष्ठान/व्यवसाय सञ्चालन भएको मुख्य भवन आधुनिक हो होइन :

११. प्रतिष्ठान/व्यवसायको लेखा/स्रेस्ता तथा बीमासम्बन्धी व्यवस्था :

(क) प्रतिष्ठान/व्यवसायले लेखा/स्रेस्ता राखे नराखेको :

(ख) लेखा/स्रेस्ताको प्रकार:

(ग) प्रतिष्ठान/व्यवसायले आफ्नो व्यवसायको बीमा गरे नगरेको :

१२. आर्थिक वर्ष २०८१/८२ को वार्षिक सञ्चालन खर्च र बिक्री :

(क) आर्थिक वर्ष २०८१/८२ को वार्षिक तलब खर्च:

(ख) खरिद गरिएकै हालतमा बिक्री भएका वस्तुको खरिद गर्दा लागेको खर्च रकम:

(ग) आर्थिक वर्ष २०८१/८२ को वार्षिक सञ्चालन तलब बाहेकको खर्च :

(घ) खरिद गरिएकै हालतमा बिक्री भएका वस्तुको बिक्रीबाट प्राप्त रकम :

(ङ) आर्थिक वर्ष २०८१/८२ को वार्षिक उत्पादन :

१३. लगानी तथा ऋणसम्बन्धी विवरण :

(क) प्रतिष्ठान/व्यवसायमा जम्मा लगानी रकम :

(ख) प्रतिष्ठान/व्यवसायमा रहेको वैदेशिक लगानी प्रतिशत :

(ग) प्रतिष्ठान/व्यवसायले गत तीन वर्षभित्र व्यावसायिक उद्देश्यको लागि ऋण लिएको वा ऋण लिएर चुक्ता गरे नगरेको :

(घ) प्रतिष्ठान/व्यवसायले मुख्यरुपमा ऋण लिएको स्रोतः

१४. प्रतिष्ठान/व्यवसायका समस्या र सुझाव :

(क) प्रतिष्ठान/व्यवसायमा सामना गर्नु परेका प्रमुख तीनवटा समस्याः

(ख) प्रतिष्ठान/व्यवसायको तर्फबाट सुझाव :

१५. जवाफ दिने (प्रतिष्ठान/व्यवसाय धनी वा अन्य सम्बन्धित) व्यक्ति :

**आज्ञाले,**
**पुष्कर सापकोटा**
**नेपाल सरकारको सचिव।**